महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
अर्जुनचौपारी गाउँपालिका
स्याङ्जा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
अर्जुनचौपारी गाउँपालिका
स्याङ्जा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

अर्जुनचौपारी गाउँपालिका

स्याङ्जा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् ।त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
नेपाल
२०१६
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ९८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्गजा ।

कैफियत सहितको राय

हामीले अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड २१ लाख ५० हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू २ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड १२ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु ५ लाख ७३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ७९ लाख ३७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ४८ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

अर्जुनचौपारी गाउँपालिका, स्याङ्गजा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			**प्रतिक्रियाबाट फछ्र्यौट**			**बाँकी बेरुजु**			**बेरुजु**						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१६	२८	१२१५०	०	०	०	१६	२८	१२१५०	२९३	५७३	११२८५	०	०	११८५७	०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अर्जुनचौपारी गाउँपालिका	६७९३७	०	३९	६७८९८	०	१२१५०	८००४८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : अर्जुनचौपारी गाउँपालिका, स्याङ्गजा , अर्जुनचौपारी गाउँपालिका , स्याङ्गजा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	उज्वल बहादुर बस्नेत	२०७८-१०-३	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुदर्शन रेग्मी	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१२,१५०,२८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकीकार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारितासह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिताउत्तरदायित्वपारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । पालिका अन्तर्गत ६ वटा वडा, ५७·२२ वर्ग किलोमिटर क्षेत्रफल तथा १६१७६ जनसंख्या रहेको छ।	
२			**लेखापरीक्षण** लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।	
३			**वित्तिय प्रतिवेदन**	

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३९१७९३९३४	३९१७२०८६१	३९१७२०८६१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३७८२४४०००	३७४४८४०३२	३७४४८४०३२
११००० कर	११	६४११८०००	६२४३१०३३	६२४३१०३३
१३००० अनुदान		३१४१२६०००	३१२०५२९९९	३१२०५२९९९
संघीय सरकार	१२	२८९८२१०००	२९०२४७९९९	२९०२४७९९९
प्रदेश सरकार	१२	२४३०५०००	२१८०५०००	२१८०५०००
ख. अन्य प्राप्ति		१३५४९९३४	१७२३६८२९	१७२३६८२९
कोषहरु		१३५४९९३४	१३२४९९३४	१३२४९९३४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			धरौटी		०	३९८६८९५	३९८६८९५	
			भुक्तानी (ग+घ)		४५६५१२९३४	३३४९१११५८	३३४९१११५८	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		४४२९६३०००	३२६७५३६९७	३२६७५३६९७	
			२१००० पारिश्रमिक / सुविधा	१८	१५३४४३०००	१४०९००७९३	१४०९००७९३	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	९२५०२०००	६०८९११२७	६०८९११२७	
			२५००० सहायता (Subsidy)	१८	१५५३७०००	१३३९७००१	१३३९७००१	
			२६००० अनुदान	१८	४३६०००	३४४३२७	३४४३२७	
			२७००० सामाजिक सुरक्षा	१८	६३९१०००	५४४१३५२	५४४१३५२	
			२८००० अन्य खर्च	१८	२४३००००	१७९८४५०	१७९८४५०	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१७२२२४०००	१०३९८०६४७	१०३९८०६४७	
			घ. अन्य भूक्तानी		१३५४९९३४	८१५७४६१	८१५७४६१	
			कोषहरु		१३५४९९३४	५४९२२६९	५४९२२६९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>२६६५१९२</td><td>२६६५१९२</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>-६४७१९०००</td><td>५६८०९७०३</td><td>५६८०९७०३</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>६८११४१७१</td><td>६८११४१७१</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-६४७१९०००</td><td>१२४९२३८७४</td><td>१२४९२३८७४</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>१३०८११४४०</td><td>१३०८११४४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयारगरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन
·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
·पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
·कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । ·स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । ·स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । ·दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । ·पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ·वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । ·जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन। ·मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। ·कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ·ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। ·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमामात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । ·सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । ·संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। ·सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। ·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । ·सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । ·यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । ·निजामती सेवा ऐन २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । ·आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय अवस्थामा पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछिमात्र दाखिला गर्ने गरेको।	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको। ·वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको। ·स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको। ·सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्नुपर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गूरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने रहेकोमा पालिकाले विभिन्न शिर्षक अन्तर्गत पुँजिगत बजेट अन्तर्गतको रु १० करोड ३९ लाख ८० हजार खर्च गरेकोमा खरिद योजना तथा खरिदको गुरुयोजना नबनाई खर्च गरेको देखियो । ·निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले गाउँपालिका तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्चमा रु १ करोड २२ लाख ८२ हजार खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन । ·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्य भएको देखिएन । ·स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर २.९ मा गाउँ । नगर सभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँ । नगर सभाबाट स्वीकृत बजेट रु ४४ करोड २९ लाख ६३ हजार समय सीमा सहितको कार्ययोजना बनाएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**वित्तिय विवरण** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् · स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप) म.ले.प.फा.नं.२७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन । · स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । · स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । · एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·वितिय प्रतिवेदान २७२ मा गत आ व को अल्या रु ६८११४१७१ रहेकोमा बैकमा रहेको मौज्दात अनुसार कार्यालयले स्रेता अनुसार रु १४१७४६६७२ अल्या गरेको छ। फरक पर्ने गएको रु ७३६३२५०१। सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ। ·यस बर्षको बैक मौज्दात वितिय प्रतिवेदन २७२ अनुसार रु १३०८११४३९ रहेकोमा वास्तविक बैक मौदात रु १३९२७५२७२ रहेको कार्यालय बाट प्राप्त विवरण तथा बैक स्टेटमेन्टमा देखिन्छ। फरक पर्न गएको रु ८४६३८३३। सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ।	
६			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म मृत्यु दर्ता ८२४ वटा, नाता प्रमाणित ५१३ वटा, घरवाटो शिफारिश १७२ वटा, नागरीकता शिफारिश ११५५ वटा, बसाईसराई १०३ वटा र अन्य ४२९१ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण, दर्ता तथा सिफारिश, पारिवारिक लगत आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।	
७			**अवण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष एकमुष्ट रुपमा प्रकोप व्यवस्थापन कोषमा रु १ करोड २४ लाख वजेट राखि रु ३६ लाख ८४ हजार खर्च गरेको छ। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदान फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ४५ अनुसार संघीय प्रदेश संचित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र प्रदेश तथा स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको अनुदान २०७९ असार मसान्त सम्म फिर्ता नगरेको देखिएकोले प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>अनुदान प्रदान गर्ने निकाय</td><td>अनुदानको प्रकार</td><td>प्राप्त रकम</td><td>खर्च रकम</td><td>बाँकी रकम</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शशर्त चालु</td><td>५०००००</td><td>३६५०२०</td><td>१३४९८०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>समपुरक अनुदान</td><td>७५०००००</td><td>७२०९०६५</td><td>२९०९३५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४२५९१५</td></tr>
</table></td><td>४२५,९१५</td></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>सि.नं.</td><td>क्षेत्र/उप क्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३,४९,००,०००</td><td>१,३४,१३,३२४</td><td>३८.४३</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१९,२३,९०,०००</td><td>१७,०९,०२,९०७</td><td>८८.८३</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१३,६२,५९,०००</td><td>८,३५,०४,००६</td><td>६१.२८</td></tr>
</table></td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१,१२,७७,०००</td><td>९१,१९,८२२</td><td>८०.८७</td></tr><tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>६,८१,३७,०००</td><td>४,९८,१३,६३७.</td><td>७३.११</td></tr><tr><td colspan="2">कुल जम्मा</td><td>४४,२९,६३,०००</td><td>३२,६७,५३,६९६</td><td>७३.७६</td></tr></table> उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको ६१।२८% रहेको छ भने सामाजिक विकासमा ८८।८३ खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।	
१०			**पुँजिगत चौमासिक खर्च** आर्थिक कार्यविधि नियमावली२०६४ को नियम२३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ५० प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ <table><tr><td rowspan="2">क्र.सं.</td><td rowspan="2">बजेटउपशीर्षक</td><td colspan="2">बजेटरखर्च</td><td colspan="2">प्रथमचौमासिक</td><td colspan="2">दोस्रोचौमासिक</td><td colspan="2">तेस्रोचौमासिक</td></tr><tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td></tr><tr><td>१</td><td>पुजीगत</td><td>१७२२२४</td><td>१०३९८०</td><td>८३३६४</td><td>२०५९०</td><td>१६४५०</td><td>३१६३८</td><td>३८०८०</td><td>५१७५१</td></tr><tr><td colspan="8">खर्च प्रतिशत ६० रहेको छ। कुल खर्च मध्ये असारमा भएको खर्च रु २७६१९</td><td></td><td></td></tr></table>	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**अनुगमन तथा भ्रमण खर्च** भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु २१ लाख ३० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
१२			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट २० लाख २४ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१३			**संघिय र स्थानिय कार्यक्रमा दोहोरोपनाः** संघिय सरकाले स्वास्थ्य तर्फको ससर्त कार्यक्रम अन्तर्गत महिला सामुदायक स्वास्थ्य स्वयंसेविकाको लागि यातायात तथा प्रोत्साहनका लागि आर्थिक बर्ष २०७८।७९ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु १२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोहि कार्यक्रमको लागि प्रति स्वयंमसेविका बार्षिक १२०००। को दरले ३८ जनालाई रु ४५६०००। यातायात भत्ता भुक्तानी गरेको छ। स्थानिय तहले समेत सोहि कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजना नगरि संघिय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी वढाउनुपर्ने देखिन्छ। दोहोरो खर्च खर्च गर्दा बढी व्ययभार परेको रु	४५६,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>

वित्तीय समानीकरणवाट चालू खर्चः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छ भने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहाय अनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु ९३ लाख ५५ हजार वजेट राखी रु ४३ लाख ९३ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।

<table>
<tr><th>खर्च संकेत नं.</th><th>खर्च शीर्षक</th><th>अन्तिम बजेट</th><th>खच रकम</th></tr>
<tr><td colspan="2">नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान</td><td>२००००००</td><td>९८४५३४</td></tr>
<tr><td>२२४११</td><td>सेवा र परामर्श खर्च</td><td>५०००००</td><td>४५००००</td></tr>
<tr><td>२२५२२</td><td>कार्यक्रम खर्च</td><td>३५००००</td><td>१०००००</td></tr>
<tr><td>२२७११</td><td>विविध खर्च</td><td>१००००००</td><td>३२९५८४</td></tr>
<tr><td>२७१११</td><td>सामाजिक सुरक्षा</td><td>१५००००</td><td>१०४९५०</td></tr>
<tr><td colspan="2">गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान</td><td>७३५५०००</td><td>३४०९२६१.०४</td></tr>
<tr><td>२११३९</td><td>अन्य भत्ता</td><td>४५००००</td><td>४२२२००</td></tr>
<tr><td>२२३१३</td><td>पुस्तक तथा सामग्री खर्च</td><td>११५००००</td><td>५७९९९५</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२५१२</td><td>सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च</td><td>७५००००</td><td>१८८९४०</td></tr>
<tr><td>२२५२२</td><td>कार्यक्रम खर्च</td><td>११०५०००</td><td>०</td></tr>
<tr><td>२२५२९</td><td>विविध कार्यक्रम खर्च</td><td>७५००००</td><td>८०,०००</td></tr>
<tr><td>२२७११</td><td>विविध खर्च</td><td>४५००००</td><td>४५००००</td></tr>
<tr><td>२५३११</td><td>शैक्षिक संस्थाहरूलाई सहायता</td><td>२७०००००</td><td>१६८८१२६.०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सिफारिस सफ्टवेयर जडानः

सार्वजनिकखरिद ऐन २०६३ को दफा ४ अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाईन, विशेषआवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्दछ। पालिकाले दैनिक रुपमा सम्पादन गर्ने सिफारिस लगायतका कामकाजलाई एकिकृत एवं प्रविधिमैत्रि तुल्याउने उद्येश्यले विभिन्न परामर्शदातासँग आर्थिक एवं प्राविधिक प्रस्ताव माग गरी नेटवर्क एसोसिएट्स प्रा लि सँग खरिद सम्झौता गरी तपशिल बमोजिम विभिन्न भौचरबाट भुक्तानी दिएको छ। कार्यालयले खरिद सम्झौतापूर्व खरिद सम्वन्धी आवश्यक लागत, स्पेशिफिकेशन, योजना, आवश्यकता लगायतका पक्षको विवरण तयार गरेको देखिदैन। साथै खरिद भएको सफ्टवेयरको सम्बन्धमा आवश्यक सोधपुछ एवं निरीक्षण गर्दा सफ्टववेयर जडान कार्य भएता पनि प्रारम्भ देखि नै प्रयोगमा नआएको र हाल लेखापरीक्षणको समयमा समेत सफ्टवेयर प्रयोग नभई सम्पुर्ण सिफारिस लगायतका कार्यहरु म्यान्युल रुपमा सम्पादन भईरहेको पाईयो। परामर्श सेवा खरिद गरी प्रयोगमा नआउदा सार्वजनिक स्रोत साधनको दुरुपयोग हुनुका साथै कामको प्रभावकारीता समेत नहुने हुन्छ। यसरी प्रयाप्त अध्ययन र तयारी वेगर सार्वजनिक कोषमा व्ययभार पर्ने गरी परामर्श सेवा खरिद गर्ने कार्यका सम्बन्धमा सरोकारवालालाई जिम्मेवार बनाउनुपर्दछ। खरिद गरिएको सफ्टवेयर प्रयोगमा नआउनुमा परामर्शदाताले सम्झौता बमोजिम सफ्टवेयर विग्रेमा वा नस्ट भएमा परामर्शदाताले कार्यालयलाई निशुल्क सफ्टवेयर प्रदान गर्ने, सफ्टवेयर संचालनका लागि परामर्शदाताले कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गर्ने, सफ्टवेयर जडान तथा तालिम कार्य आ व २०७८।०७९ भित्रै सम्पन्न गर्नुपर्ने लगायतका सम्झौताका शर्तहरुको पालना नभएको देखिन्छ। यस सम्बन्धमा परामर्शदाताले सम्झौताका शर्त बमोजिम सिफारिस प्रणाली सुचना प्रविधिसँग</td><td>७९७,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आवद्ध गरी सफ्टवेयर नियमित रुपमा प्रयोगमा आएको प्रमाण पेश गर्नुपर्ने अथवा सम्वन्धितलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ न</td><td>परामर्शदाता</td><td>रकम</td></tr>
<tr><td>२१</td><td>नेटवर्क एसोसिएट्स प्रा लि</td><td>४९७२००</td></tr>
<tr><td>५४</td><td>सफटेक फाउण्डेशन प्रा लि</td><td>३०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७९७२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारि बाट गर्नेसकिने कार्य वाह्य परामर्शदातावाट कामः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिकालाई थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।पालिकाले अर्जुनचौपारी वडा नं १ स्थित घट्टे पहरो व्यवस्थापनका लागि लागत अनुमान तयार गर्ने कार्यको लागि युना इन्जिनियरिङ्ग सर्भिस प्रा लि लाई भुक्तानी दिएको छ। कार्यालयको जनशक्तिले गर्ने सक्ने कार्य Excavation of rock for road कार्यको लागि कार्यालयको प्राविधिक जनशक्तिबाट गर्नुपर्ने लागत अनुमान बनाउने कार्य परामर्शदाताबाट गराई भौ नं १४७।२०७८।१०।२७ बाट युना इन्जिनियरिङ्ग सर्भिस प्रा लि लाई भुक्तानी दिएको कार्य अनियमित देखिएको रु</td><td>९६,६१५</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बैठक भत्ता बढि दरमा भुक्तानी

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ८ मा सभा, कार्यपालिका, वडा समिति वा न्यायिक समिति साथै स्थानीय तहको अन्य कुनै समितिको वैठकमा भाग लिए वापत प्रत्येक दिनको लागि अनुसूची वमोजिम रु १०००। को दरले भत्ता पाउने व्यवस्था गरेकोमा पालिकाले सभा सञ्चालनको लागि श्री दिपक थापा</td><td>३४,४२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क्षेत्रीलाई पेश्की दिई सञ्चालन गरेकोमा भौ नं १७०।२०७८।११।१८ बाट ८१ जना सहभागिहरुलाई रु १०००। को दरले रु ८१०००। भुक्तानी गर्नुपर्नेमा प्रति वैठक रु १५००। को दरले रु १२१५००। भत्ता उपलव्ध गराएकोमा ऐनमा तोकिए भन्दा वढिको दरले भत्ता वितरण गर्दा रु ४०५०० वढी भुक्तानी भएको देखिएकोले करकट्टी पछिको वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	
१८			**बिल भरपाई पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।भौ नं २९७।२०७९।२।२५ बाट ३१ वटा सामुदायक विद्यालयहरुलाई मर्मत सुधारको लगि रु ४५००००। भुक्तानी गरेकोमा खर्चलाई पुष्टि गर्ने विल भरपाई पेश नभएकोले खर्चको विल भरपाई पेश गर्नुपर्ने रु	४५०,०००
१९			**महिला जनप्रतिनिधिको भ्रमण खर्चः** संघ सशर्त तर्फ आमा सुरक्षा कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रममा बजेट निकासा हुने हुदा दोहोरो कार्यक्रममा बजेट खर्च भएकोमा पालिकाले यस्ता कार्यक्रममा रकम विनियोजनमा ध्यान दिनुपर्दछ।उपाध्यक्षसँग पोसिलो झोला कार्यक्रम अन्तर्गत सुत्केरी महिलाहरुलाई झोला अण्डा चना साबुन च्यावन प्रास वितरण गर्ने कार्यक्रम गरि खर्च गरेको पाइयो ।यसरि खर्च गर्दा वितरण गर्ने निश्चित मापदण्ड नभएको, पालिकाको कर्मचारी तथा पदाधिकारीले वितरण गरेको र सामाग्रि वितरण गर्नुपर्ने व्यक्तिको छनोट नगरेको, सामान वितरण गर्दा सुत्केरी भएको महिलाहरुको चेकजाँच गरेको प्रमाण नभएको लगायत कार्यक्रम सञ्चालनको कार्यविधि नभएकोले सुत्केरी महिलाहरुलाई स्वास्थ्य चौकि मार्फत सुत्केरी गराउने स्वास्थ्य प्रोटोकल अनुसार नियमित चेक चाजँ गर्ने महिलाहरुलाई वितरण गर्न सकेको भए कार्यक्रम प्रभावकारी हुनुका साथै विश्वासनिय हुने देखिन्नछ। यसरी न्यानो झोला कार्यक्रम अन्तर्गत १२० वटा न्यानो झोला खरिद गरेकोमा ३८ वटा वितरण गरेकोकोमा बाँकि(८२*११८६।५)वितरणको भरपाई पेश नभएकोले वितरणको प्रमाण पेश गर्नुपर्ने रु	९७,२९३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्कि बाँकि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त नभएको पेश्की रहेकोमा नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

<table>
<tr><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म</th><th>रकम</th></tr>
<tr><td>37</td><td>अर्जुनचौपारी वडा न ६ दरौ सडक</td><td>श्री अंगेर भंगेर निर्माण सेवा</td><td>६४०००००</td></tr>
<tr><td>255</td><td>अर्जुनचौपारी-शहरे-राम्चे-तालपोखरी सडक</td><td>ग्लोबल कन्स्ट्रक्सन</td><td>४२०००००</td></tr>
<tr><td>290</td><td>अर्जुनचौपारी-शहरे-राम्चे-तालपोखरी सडक</td><td>ग्लोबल कन्स्ट्रक्सन</td><td>२८०००००</td></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की जम्मा</td><td></td><td>१३४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>समपुरक अनुदानः

नेपाल सरकार समपुरक अनुदान ५०।५० अनुपातमा खर्च गर्नुपर्दछ । पालिकाले पूर्वाधार क्षेत्रमा पुतलिबजार अर्जुन चौपारी शहरे राम्चे शिर्ख तालपोखरी घण्टे सडकको लागि गाउँपालिकाले रु ५८६८९५०।७८ र संघीय कार्यालयबाट रु ५८६८९५०।७८ समेत रु ११७३७९०१।५६ खर्च गर्नुपर्ने व्यवस्था भए बमोजिम संघीय सरकारबाट रु ८३०००००० र गाउँपालिकाबाट रु ३४३७९०२ मात्र खर्च भएको देखिएकोले संघीय सरकारबाट बढी खर्च हुन गएको रु २४३१०४९।२२ संघीय कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>२,४३१,०४९</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) बमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ</td><td>३९०,०००</td></tr>
</table>

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अगाडि बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोश्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले गत वर्ष ५९ जनालाई रु ३०००० का दरले रु १७७००००। र यो वर्ष ४२ जनालाई रु २०००० का दरले रु ८४००००।, १५ जनालाई रु ५०००० का दरले रु ७५०००० समेत गरी रु ३३६००००। भुक्तानी भैसकेको छ । गत वर्ष प्रथम किस्ता लगेका निम्न व्यक्तिहरुले सुरक्षित नागरिक आवास बनाएको देखिएन । गत वर्ष प्रथम किस्ता भुक्तानी भएका व्यक्तिले आवास बनाएको यकिन हुनुपर्ने अन्यना असुल गर्नुपर्ने रु
<table>
<tr><th>व्यक्तिको नाम थर</th><th>ठेगाना</th><th>रकम</th></tr>
<tr><td>रिमा कुमारी घर्ति</td><td>वडा नं १</td><td>३००००</td></tr>
<tr><td>बुद्धिराज वि.क.</td><td>वडा नं २</td><td>३००००</td></tr>
<tr><td>दुरपति पौडेल</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>रेवती अधिकारी</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>यम कुमारी अधिकारी</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>सीता पौडेल</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>ख्यामनारायण काफ्ले</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>गंगे कामी</td><td>वडा नं ३</td><td>३००००</td></tr>
<tr><td>रेशमलाल चापागाई</td><td>वडा नं ४</td><td>३००००</td></tr>
<tr><td>चुडामणि चापागाई</td><td>वडा नं ४</td><td>३००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>लिलाकान्त पौडेल</td><td>वडा नं ४</td><td>३००००</td></tr>
<tr><td>राज कुमारी दमै</td><td>वडा नं ४</td><td>३००००</td></tr>
<tr><td>लिला दर्जी</td><td>वडा नं ४</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
परामर्श सेवा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ ।बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले यो वर्ष देहाय अनुसारको कार्य परामर्शदाताबाट तयार गराई प्रतिवेदन लिने गरेको देखियो । परामर्श सेवाबाट पालिकामा रहेका मौजुदा जनशक्तिबाट कार्य नगराई बाह्य जनशक्तिबाट कार्य गराएको छ। डि.पि.आर. तयार गर्दा पालिकाको जनशक्ति प्रयोग नगर्नुको कारण स्पष्ट गराउँदै पालिकाभित्रकै जनशक्तिबाट कार्य गराउनु पर्दछ।

<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>विवरण</th><th>परामर्शदाता</th><th>रकम</th></tr>
<tr><td>३</td><td>२०७९।०३।२४</td><td>गा पा को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति</td><td>लिबर्ड कन्सल्टिङ प्रा.लि.</td><td>१९४५९६</td></tr>
<tr><td>४</td><td>२०७९।०३।२४</td><td>राजश्व सुधार कार्ययोजना निर्माण गर्ने</td><td>ए टु जेड इन्जीनियरिङ कन्सल्ट्न्सी</td><td>४९१५५०</td></tr>
</table>
</td><td>८,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>२०७९।०३।२४</td><td>गाउँपालिकाको क्षमता विकास योजना निर्माण</td><td>कृतज्ञ इन्जीनियरिङ</td><td>४९२३९७</td></tr><tr><td colspan="4">जम्मा</td><td>११७८५४३</td></tr></table>
ओभरहेडः ३।२०७९।०३।२४ परामर्श सेवा खरिद गर्दा ओभरहेड खर्च भुक्तानी गर्न मिल्ने देखिदैन । गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाको लागि लिवर्ड कन्सल्टिङ प्रा.लि. लाई कन्सल्टिङ सर्भिसमा ओभरहेड वापत रु ८२०० खर्च लेखेकोले यस्तो खर्च मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>अग्रिम आयकर

आयकर ऐन २०५८ को दफा ८९ बमोजिम भुक्तानिमा १.५ प्रतिशत अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । बयाले आधारभुत विद्यालयले आई.सि.टि. ल्याब स्थापनाको लागि २ वटा ल्याबको रु २००००० भुक्तानी भएकोमा १.५ प्रतिशत अग्रिम आयकर वापत रु २६५५ कट्टि गरेको नदेखिएको असुल गर्नुपर्ने रु</td><td>२,६५५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याई हुने प्रमाण कागजात पेश गर्नुपर्दछ । पालिकाले घण्टे माध्यमिक विद्यालय अर्जुनचौपारी ५ को लागि निम्नानुसारको जिन्सी मालसामान खरिद गरी भुक्तानी भएकोमा उक्त सामानहरु विद्यालयको मुल जिन्सी रजिष्टरमा जिन्सी दाखिला गरेको प्रमाण कागजात पेश गर्नुपर्ने रु<table><tr><td>सामानको विवरण</td><td>परिमाण</td><td>रकम</td></tr><tr><td>टेबुल</td><td>५</td><td>३६७२५</td></tr></table></td><td>६४६,८३५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बेन्च</td><td>५</td><td>२५४२५</td></tr>
<tr><td>कम्प्युटर सामान</td><td></td><td>१९०००</td></tr>
<tr><td>एस जि इलेक्ट्रिक्स</td><td></td><td>२७६८५</td></tr>
<tr><td>ल्यापटप डेल</td><td></td><td>८९०००</td></tr>
<tr><td>ल्यापटप डेल</td><td>७</td><td>४२००००</td></tr>
<tr><td>प्रिन्टर</td><td>१</td><td>२९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६४६८३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>तलबि प्रतिवेदन पास नगरि शिक्षकलाई तलब भत्ता भुक्तानी

शिक्षा ऐन २०२८ बमोजिम स्थानीय तह अन्तर्गतका शिक्षकहरुको वार्षिक प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराई तलब खर्च लेख्नुपर्दछ ।पालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई रु ११ करोड ३५ लाख ८३ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको देखिएकोले कुन कुन शिक्षकले के कति तलब तथा ग्रेड पाउनुपर्ने हो यकिन गर्न सकिएन। ऐनमा भएको व्यवस्था अनुरुप तलबी प्रतिवेदन पारित गराएर सो पारित तलबी प्रतिवेदनको आधारमा तलब भत्ता खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ – १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यसरी यकिन भएका विद्यार्थी संख्याका लागि पाठ्यक्रम विकास केन्द्रद्धारा स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने साथै उक्त अनुदान वापतको रकम तेश्रो त्रैमासिकभित्र अनुदान दिने व्यवस्था छ । तर पालिकाले विद्यालयले पेश गरेको बिल भरपाईका आधारमा अनुदान उपलब्ध गराएकोले पाठ्यक्रम विकास केन्द्रद्धारा स्वीकृत दररेटका आधारमा मात्र पाठ्यपुस्तक अनुदान निकासा दिनुपर्ने देखिन्छ। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>छात्रवृत्ति रकम बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको विद्यालयलाई छात्रवृत्ति रकम भुक्तानी गर्दा बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>विद्यार्थि संख्या</th><th>निकासा संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>दरौ मा वि</td><td>९७</td><td>१५०</td><td>४००</td><td>२१२००</td></tr>
<tr><td>जन उच्च मा वि</td><td>१७४</td><td>२०४</td><td>४००</td><td>१२०००</td></tr>
<tr><td>घण्टे मा वि</td><td>४१</td><td>६७</td><td>४००</td><td>१०४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४३६००</td></tr>
</table></td><td>४३,६००</td></tr>
<tr><td>२९</td><td>118</td><td>२०७९-१-६</td><td>करार शिक्षकलाई पोशाक भत्ता

सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत</td><td>२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता दिन मिल्ने उल्लेख गरेको छ।पालिकाले निम्न विद्यालयको करारमा नियुक्त भएको शिक्षक हरुको छ महिना नपुग्दै पोशाक भत्ता दिनु नमिल्ने देखिएको अनियमित देखिएको रु
<table>
<tr><td>विद्यालको नाम</td><td>शिक्षकको नाम</td><td>हाजिर मिति</td><td>पोसाक निकास रकम</td></tr>
<tr><td>श्री अमरज्योति मा. वि.</td><td>सुशिला कुँवर</td><td>२०७८।११।२२</td><td>१००००</td></tr>
<tr><td></td><td>दिपक भण्डारी</td><td>२०७८।१२।२१</td><td>१००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्रति विद्यार्थि लागत अनुदान बढी निकासा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।पालिकाले प्रतिविद्यार्थि लागत अनुदान निकासा गर्दा देहायको विद्यालयलाई बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने
<table>
<tr><td>विद्यालयको नाम</td><td>९देखि १० सम्मको विद्यार्थि संख्या</td><td>निकसा संख्या</td><td>बढि संख्या</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>अमरज्योति मा वि</td><td>३०</td><td>५९</td><td>२९</td><td>२००</td><td>५८००</td></tr>
<tr><td>घण्टे मा वि</td><td>४३</td><td>६५</td><td>२२</td><td>२००</td><td>४४००</td></tr>
<tr><td>दरौ मा वि</td><td>६८</td><td>९६</td><td>२८</td><td>२००</td><td>५६००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>१५६००</td></tr>
</table></td><td>१५,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td>159</td><td>२०७९-२-१८</td><td>जिन्सी दाखिला भएको प्रमाण पेश नभएको

विद्यायलमा शौक्षिक गुणास्तर सुदृढीकरण एवंम कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने। उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि।CT ल्याब को लागि खर्च गर्ने सकिने। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका,२०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार र स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने ।अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ मा उल्लेख छ।यस पालिकाले देहाय बमोजिमका विद्यालयलाई उक्त अनुदान रकम निकासा गरेकोमा खरिद प्रक्रियाको पालना गरेको नदेखिएको र शैक्षिक सामाग्रि विद्यालयको जिन्सि खातामा दाखिला गरेको प्रमाण पेश नभएको साथै निर्धारित मापदण्ड र प्रक्रिया अनुरुपका अनुगमन मुल्यांकन गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री बुद्ध आधारभुत विद्यालय</td><td>आई सि टी</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>श्री जन माध्यमिक विद्यालय</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३०००००।</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>३२</td><td>168</td><td>२०७९-३-१६</td><td>सेनिटरी प्याड खरिदमा देखिएका व्यहोरा

पालिकाले यस बर्ष खालिद स्टोर्सबाट६२६४ थान स्यानिटरी प्याड खरिद गरि रु ४९८२४२.९४ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः</td><td>१७,१९६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लागत अनुमान वेगर खर्चः सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष ६२६४ थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ। **मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानीः**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम (६) ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले सेनिटरी प्याड खरिद गर्दा श्री खालिद स्टोर्सलाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी दिएकोले सोको ३० प्रतिशतले हुने रु १७१९५ को कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु **समन्वय नगरी खरिदः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ को दफा ३(४) मा स्थानीय तहले शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाई सेनिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले शिक्षा शाखासँग कुनै समन्वय नगरी साथै शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग नभिडाई अनुमानका भरमा सेनिटरी प्याड खरिद गरेकोले विद्यालयगत माग फारम तथा छात्राहरुको संख्या यकिन गरेर मात्र खरिद गर्नुपर्दछ। **भण्डारण प्रभावकारी नभएकोः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ को दफा ४ मा सेनिटरी प्याडको गुणस्तरमा कुनै असर नपर्ने गरी सुरक्षित तरिकाले भण्डारण गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले सेनिटरी प्याड भण्डारण गरेको स्थान निरीक्षण गर्दा सुरक्षित भण्डारण नगरेको देखिएकोले भण्डारणलाई सुरक्षित एवम् प्रभावकारी बनाउनु पर्दछ। **नयाँ आ व २०७९।०८० मा वितरणः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ को दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सक्ने व्यवस्था गरेकोमा पालिकाले आ ब २०७८।०७९ मा खरिद गरी आ व २०७९।०८० मा वितरण गरेको पाइएकोले सोही आर्थिक वर्षमा नै वितरण गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।	
३३			**उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौता बाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।	
३४			**खरिद सम्झौताः** सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ (१) अनुसार सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नु पर्ने र दफा २ दफा १ बमोजिमको बोलपत्र सम्बन्धी कागजातमा क देखी ध सम्मका विभिन्न विषय खुलाउनु पर्ने व्यवस्था छ । साथै दफा ५२ (२) मा खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेश गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले बोलपत्र र सिलबन्दी दरभाउ पत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजात स्विकृत एवं सम्झौतामा उल्लेख गरेको पाइएन। नगरपालिकाले निर्माणव्यवसायीसंग एक पाने सम्झौता गरेको छ जसमा सम्झौता रकम पेश्की कार्य सम्पन्न गर्नुपर्ने मिति म्याद थपका कुरा मात्र खुलाएको छ । सम्झौतामा विमा गुणस्तर कार्यसम्पादन जमानत त्रुटी सच्चयाउने अवधि पेश्की फछ्र्यौटका विषय निर्माण	

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यको गुणस्तर हर्जना मूल्य समायोजन खरिद सम्झौता रद्द गर्ने लगायत ऐनले तोकेका विषय समाबेश नगरी खरिद सम्झौता गरेको देखिन्छ जुन नियमसम्मत देखिदैन। जसको कारणले गुणस्तरीय काम नहुने समयमा कार्य सम्पन्न नहुने त्रुटी सच्याउने अवधिमा गर्नु पर्ने काम नहुने जस्ता समस्या हुन भएकोले नगरपालिकाले खरिद ऐन नियमावलीमा भएको व्यवस्थालाई पुर्ण रुपमा पालना गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाटः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस नगरपालिकाले प्राविधिक ज्ञान र विभिन्न निर्माण उपकरण आवश्यक पर्ने सडक कालोपत्रे काम समेत उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ। निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ। केहि व्यहोराः
<table>
<tr><td>भौ नं</td><td>निर्माण योजना</td><td>उपभोक्ता समिति</td><td>रकम</td><td>मेसिन बिल</td></tr>
<tr><td>९९</td><td>रैते सिमलचौर सडक</td><td>उपभोक्ता समिति</td><td>९६९१७१</td><td>१०७३९९९</td></tr>
<tr><td rowspan="2">२२०</td><td>शहरे तमाखुवारी</td><td rowspan="2">उपभोक्ता समिति</td><td rowspan="2">१४०२५९४</td><td rowspan="2">१४४८०७३</td></tr>
<tr><td>राजश्वारा सडक</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>बढि भुक्तानीः</td><td>१५,५१०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ। यस गाउँपालिकाले रु.११६८५४४। बराबरको रैते सिमलचौर सडक निर्माण योजनाको उपभोक्ता समितिको २० प्रतिशत योगदान हुने गरी सम्झौता गरेको छ।अन्तिम मुल्याङ्कन रु.१०६९०८६। कायम भएको अवस्थामा उपभोक्ता समितिको २० प्रतिशतले हुने रु.२१३८१७। योगदान कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कार्यालयले १० प्रतिशत उपभोक्ता समितिको योगदानको अनुपातले हुने रु.९९९१५। कट्टा गरी रु.९६९१७१ भुक्तानी गरेको छ।यसर्थ उपभोक्ता समितिसँगको सम्झौताको शर्त प्रतिकुल हुने गरी घटि अनुपातको आधार लिईदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रु.११३९०२ असुल गर्नुपर्ने रु	
३७			**दररेट फरक कायमः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस कार्यालयले शहरे तमाखुवारी राजश्वारा निर्माण योजनाको उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्यसम्पन्न गरेको छ।यस निर्माण योजनामा २६१।१२ घ मि मध्यम चट्टान कटिङ्गको कार्य भएकोमा स्वीकृत जिल्ला दररेट मध्ये चट्टान कटिङ्ग प्रति घ मि रु.६७८ मु अ कर सहित मुल्याङ्कन हुनुपर्नेमा रु.७३४।५० प्रति घ मि को दरले मुल्याङ्कन गरीएको छ। यसरी कुल सम्पादन भएको २६१।१२ घ मि को प्रति घ मि ५६।५६ दरले जम्मा रु.१४७५४ बढि भुक्तानी भएको छ। यसर्थ बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु	१४,७५४
३८			**पूँजिगतवाट चा ुल प्रकृतिको खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शीर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो।यसमा कार्यालयले सुधार गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ न</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>७१</td><td>पशु बिमा कार्यक्रम</td><td>२०२६००</td></tr>
<tr><td>९१</td><td>विपि स्मृति भवन फर्निचर व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>१५३</td><td>सामुदायिक भवन भाडा वर्तन</td><td>१०००००</td></tr>
<tr><td>६१</td><td>जडिबुटि अनुसन्धान आर्थिक सहायता</td><td>२५०००</td></tr>
<tr><td>१३०</td><td>आमासमुह भाडा वर्तन खरिद</td><td>५००००</td></tr>
<tr><td>१५२</td><td>मदन आश्रित भवन फर्निचर व्यवस्थापन</td><td>८००००</td></tr>
<tr><td>२४०</td><td>पशु बिमा कार्यक्रम</td><td>१२२३२६</td></tr>
<tr><td>३२९</td><td>पशु बिमा कार्यक्रम</td><td>३१५४००</td></tr>
<tr><td>३५०</td><td>पशु विकास कार्यक्रम</td><td>३५७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>लागत अनुमान र प्राविधिक नापी वेगर निर्माण कार्यः

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १४ अनुसार लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम १२३ (१) वमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा खण्ड (ख) वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले गाउँपालिकाको विभिन्न स्थानमा वाटो विस्तार तथा मर्मत र वर्षातमा वाटो सफा गरेको भनि विना प्रतिष्पर्धा एउटै निर्माण व्यवसायीबाट पटके रुपमा डोजर</td><td>२,५०१,८७३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लोडर भाडामा लिई प्रयोग गरेको वडा कार्यालयको सिफारिसको आधारमा देहायवमोजिम फर्महरुबाट कार्य गराई प्रति घण्टाको दरले भुक्तानी दिएको रकम अनियमित देखिएको रु
<table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>मेसिन प्रयोग विवरण</th><th>रकम</th></tr>
<tr><td>१५</td><td>वडा ४ भित्रका बाटो निर्माण</td><td>अर्जुन चौपारी कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर १५८ घण्टा</td><td>३४७६००</td></tr>
<tr><td>१६</td><td>वडा५ भित्रका मोटरबाटो निर्माण</td><td>अर्जुन चौपारी कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर ३६ घण्टा र ट्याक्टर ७ दिन</td><td>१२७३०३</td></tr>
<tr><td>२४</td><td>वडा५ भित्रका बाटो निर्माण</td><td>सम्राट कोहिनुर कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर ८५ घण्टा</td><td>१८७०००</td></tr>
<tr><td>२६</td><td>वडा१ सरसफाई</td><td>सम्राट कोहिनुर कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर १५२ घण्टा</td><td>३३६६००</td></tr>
<tr><td>२७</td><td>वडा नं २ र ३ बाटो मर्मत</td><td>अर्जुन चौपारी कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर ८४ घण्टा र ट्याक्टर ७ दिन</td><td>२२८३०५</td></tr>
<tr><td>३०</td><td>वडा नं ४ भित्रका बाटो निर्माण</td><td>रापाकोट कालिका कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर १५० घण्टा</td><td>३५३४००</td></tr>
<tr><td>३२</td><td>वडा नं ६ भित्रका बाटो निर्माण</td><td>अर्जुन चौपारी कन्सट्रक्सन</td><td>ब्याक्हो लोडर १५३ घण्टा</td><td>३३६६००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४०	वडा नं २ मोटरबाटो निर्माण	अर्जुन चौपारी कन्सट्रक्सन	व्याक्हो लोडर ७१ घण्टा	१७०४००
४६	बाटो मर्मत तथा सरसाई	अगेर भंगेर निर्माण सेवा	डोजर २९ घण्टा	१५३७००
५१	वडा नं ४ बाटो मर्मत	सम्राट कोहिनुर कन्सट्रक्सन	व्याक्हो लोडर ६५ घण्टा	१५६०००
२४१	वडा नं १ सडक मर्मत सुधार	अर्जुन चौपारी कन्सट्रक्सन	व्याक्हो लोडर २३ घण्टा	५४९६५
२६२	वडा ५ भित्रका बाटो मर्मत	अर्जुन चौपारी कन्सट्रक्सन	व्याक्हो लोडर २१ घण्टा	५००००
	जम्मा			२५०१८७३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**फरक देररेटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ। यस गाउँपालिकाले रु.११६८५४४। बराबरको रैते सिमलचौर सडक निर्माण योजनाको उपभोक्ता समितिको २० प्रतिशत योगदान हुने गरी सम्झौता गरेको छ।अन्तिम मुल्याङ्कन रु.१०६९०८६। कायम भएको अवस्थामा उपभोक्ता समितिको २० प्रतिशतले हुने रु.२१३८१७। योगदान कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कार्यालयले १० प्रतिशत उपभोक्ता समितिको योगदानको अनुपातले हुने रु.९९९१५। कट्टा गरी रु.९६९१७१ भुक्तानी गरेको छ।यसर्थ उपभोक्ता समितिसँगको सम्झौताको शर्त प्रतिकुल हुने गरी घटि अनुपातको आधार लिईदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रु.११३९०२ असुल गर्नुपर्ने रु	११३,९०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**अधुरा योजनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले संचालन गरेका कार्यालयबाट प्राप्त विवरण तथा सम्वद्ध श्रेष्ता परिक्षण गर्दा तपशिल केहि योजनाको कार्यसम्पन्न गर्नु पर्ने अवधि भुक्तान भई लेखापरिक्षण अवधिसम्म तोकिएको समयसिमा भित्र निर्माण कार्यसम्पन्न हुन नसकि अधुरो रहेका छन।सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२० (१) तथा निर्माण सेवा सँग भएको खरिद सम्झौतामा खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थप को लागि निवेदन दिनु पर्ने व्यवस्था रहेकोमा समेत लेखापरिक्षण अवधिसम्म निर्माण व्यवसायीले म्याद थपको निवेदन दिएको छैन। अत कार्यालयको समग्र ठेक्का व्यवस्थापन पक्ष प्रभावकारी नरहेको देखिन्छ। कार्यालयले ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई निर्माण आयोजमा तोकिएकै समयमा सम्पन्न गर्न ध्यान दिनुपर्दछ।	
४२			**पुर्वनिर्धारित क्षतिपुर्ति** **३।२०७८।१०।०७** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौता तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकाइलाई १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकममा ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था रहेको छ।तोकिएको समयमा सम्झौतामा उल्लेख भए अनुसार कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले अर्जुन चौपारी गाउँपालिकाबाट औधोगिक ग्रामखोला संरक्षण गर्न ठेक्का नं ७।२०७७।७८ को लागत अनुमान रु ४९२४८४३।१७ भएको कामको निर्माण व्यवसायी सुयान विल्डर्ससँग रु ४१५०००० मा ठेक्का सम्झौता भएको र उक्त ठेक्काको म्याद २०७८।०३।२५ सम्म रहेकोमा अन्तिम बिल २०७८।१०।११ मा प्राप्त भएको देखिन्छ । उक्त निर्माणको म्याद मिति २०७८।०३।१० को निर्णय अनुसार गाउँपालिका मिति २०७८।०९।३० सम्म म्याद थप भएकोमा कार्य सम्पन्न २०७८।१०।११ मा भएकोले ठेक्का सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिन का दरले ११ दिनको हर्जना वापत असुल गर्नुपर्ने रु	२२,८२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**कार्यसम्पन्न वेगर भुक्तानीः** १७।२०७९।०३।१९सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ३ अन्तर्गत साम्रीखर्कमा लागत अनुमान तयार नगरी सरस्वती आधारभुत विद्यालयको खातामा रु १८००००० जम्मा गरेको देखिएकोले उक्त २ कोठे भवन निर्माण गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु	१,८००,०००
४४			**त्रुटि सच्याउनुपर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको त्रुटि सच्याउन अवधि निर्माण कार्य सम्पन्न भएको मितिले १२ महिना हुने उल्लेख छ। यस कार्यालयले अर्जुनचौपारी नुवारभञ्याङ सडकACRM I NCB I RD I 02 I 2078 I 079) स्तरोन्नति योजनाको(ACRM I NCB I RD I 02 I 2078 I 079) गजेन्द्र कोईराला जे भी संग खरिद सम्झौता गरि निर्माण सम्पन्न गरेको छ। निर्माण सम्पन्न भई हाल त्रुटि सच्याउनुपर्ने अवधि कायम रहेको यस निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा ग्याविन वाल लगाएको केहि स्थान ग्याविन वाल भत्केको देखिन्छ। जुन यसैसाथ संलग्न चित्रबाट देख्न सकिन्छ। कार्यालायले भत्केको स्थानमा मर्मत गर्न लगाई निर्माण व्यवसायीलाई सम्झौताका शर्त बमोजिमको दायित्व निर्वाह गराउनुपर्दछ।निर्माण व्यवसायीले सोहि सडक खण्डको स्तरोन्नति अन्तर्गत अन्य निर्माण कार्यका अतिरिक्त विभिन्न स्थानमा १२५.५० घनमिटर प्रति घ मि रु.३५०० को दरले जम्मा रु.४२१७५० वरावरको ग्वाविन जाली लगाएको नापी भएकोले निर्मित वालहरुको निरीक्षण गरी त्रुटि सच्याउनुपर्न अवस्थामा रहेको ग्वाविन वाल निर्माण व्यवसायीले सम्झौताका शर्त बमोजिम मर्मत सम्भार गरेको प्रमाण पेश गर्नुपर्ने रु	४२१,७५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			रिटेन्सन मनिः	२७,०८५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०४६ को नियम १२३(४) अनुसार कुनै पनि सार्वजनिक निर्माणको बिलको भुक्तानी गर्दा भुक्तानी भएको मूल्य अभिवृद्धि कर बाहेकको रकममा ५ प्रतिशत रिटेन्सन मनि कटाएर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले निर्माण व्यवसायी देवत्री सरोवर इन्जीनियरिङ प्रा.लि. लाई रु ६१२११९।३८ भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनी (धरौटी) कट्टा गर्नु पर्नेमा सो रिटेन्सन मनी कट्टा नगरेको देखिएकोले असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । बाँकी वेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th><th>यो वर्षको बेरुजू(D)</th><th>संपरीक्षणबाट कायम बेरुजू(E)</th><th>अध्यावधिक बाँकी बेरुजू (F=C+D+E)</th></tr>
<tr><td>६७९३७</td><td>७२०४</td><td>६०७३३</td><td>१२१५०</td><td>०</td><td>७२८८३</td></tr>
</table>

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

<table>
<tr><th>दफा</th><th>आ.ब.</th><th>बेरुजुको व्यहोरा</th><th>सम्परीक्षण</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५.१।२५.२</td><td>०७६।०७७</td><td>सिरनडाँडा ओख्ले सडक निर्माण उपभोक्ता समितिले बेरुजु दाखिला गरेको प्रमाण पेश</td><td>३८६३४</td></tr>
<tr><td>१४६</td><td>०७६।०७७</td><td>कुसुण्डे काफलबोट उपभोक्ता समितिबाट सामाजिक सुरक्षा कर असुल भई बैक दाखिला भएको प्रमाण पेश</td><td>९९०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३९६२४</td></tr>
</table>
</td><td></td></tr>
</table>